बैठक संख्याः ७।२०८२

बैठक मितिः २०८२।२।२७, समयः दिनको १:०० बजे

स्थानः ससकोशी नगरपालिका कार्यालयको सभाहल, ससरी

आज मिति २०८२।२।२७ गते मंगलबार दिनको १:०० बजे ससकोशी नगरपालिकाका नगर प्रमुख श्री कृष्ण प्रसाद ढकालज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्न प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

उपस्थिति

| क्र.सं. | नामथर | पद | वडा नं. | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री कृष्ण प्रसाद ढकाल | नगर प्रमुख-अध्यक्ष | | |
| २ | श्री रिता कुमारी चौधरी | नगर उपप्रमुख | | |
| ३ | श्री रोहिणी प्रसाद पोखरेल | वडा अध्यक्ष | १ | |
| ४ | श्री जाहिर हुसेन | वडा अध्यक्ष | २ | |
| ५ | श्री देवकान्त गोजेवार | वडा अध्यक्ष | ३ | |
| ६ | श्री जय राम खंग | वडा अध्यक्ष | ४ | |
| ७ | श्री गोसाई चौधरी | वडा अध्यक्ष | ५ | |
| ८ | श्री नन्दी लाल चौधरी | वडा अध्यक्ष | ६ | |
| ९ | श्री जितन चौधरी | वडा अध्यक्ष | ७ | |
| १० | श्री केदार प्रसाद साह | वडा अध्यक्ष | ८ | |
| ११ | श्री राजेन्द्र कुमार यादव | वडा अध्यक्ष | ९ | |
| १२ | श्री हरी लाल साह | वडा अध्यक्ष | १० | |
| १३ | श्री डोलेश्वर खड्का | वडा अध्यक्ष | ११ | |
| १४ | श्री मनो कुमारी चौधरी | कार्यपालिका सदस्य | ३ | |
| १५ | श्री राजेन्द्र वि.क. | कार्यपालिका सदस्य | २ | |
| १६ | श्री रमेश प्रसाद साह | कार्यपालिका सदस्य | ८ | |
| १७ | श्री ललिता देवी खड्क | कार्यपालिका सदस्य | ९ | |
| १८ | श्री प्रभा कुमारी चौधरी | कार्यपालिका सदस्य | ५ | |
| १९ | श्री संझा कुमारी चौधरी | कार्यपालिका सदस्य | ६ | |
| २० | श्री शान्ति देवी यादव | कार्यपालिका सदस्य | १० | |
| २१ | श्री संजु देवी चौधरी | कार्यपालिका सदस्य | ११ | |
| २२ | श्री पुरुषोत्तम ढकाल | प्रमुख प्रशासकीय अधिकृत | | |
| सहयोगी कर्मचारीहरू | | | | |
| १ | श्री प्रकाश सुवेदी | अधिकृत सातौं | | |



CamScanner

बैठक संख्याः ७।२०८२

बैठक मितिः २०८२।२।२७, समयः दिनको १:०० बजे

स्थानः ससकोशी नगरपालिका कार्यालयको सभाहल, ससरी

| क्र.सं. | नामथर | पद | वडा नं. | दस्तखत |
|---|---|---|---|---|
| २ | श्री रण बहादुर मगर | अधिकृत छैठौं | | |

**<u>प्रस्तावहरु</u>**

१. प्रस्ताव नं. १ : आ.व.२०८२।०८३ को वडा स्तरीय वजेट शिलिङ्ग निर्धारण सम्वन्धमा ।

२. प्रस्ताव नं. २ : आ.व.२०८२।०८३ को वजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तय सम्वन्धमा ।

३. प्रस्ताव नं. ३ : आ.व.२०८२।०८३ को वजेट तर्जुमा सम्वन्धी मार्गदर्शन सम्वन्धित वडामा पठाउने सम्वन्धमा ।

४. प्रस्ताव नं. ४ : आ.व.२०८२।०८३ को नीति, कार्यक्रम तथा वजेट तर्जुमा कार्यतालिका सम्वन्धमा।

बैठक संख्याः ७।२०८२
बैठक मितिः २०८२।२।२७, समयः दिनको १:०० बजे
स्थानः ससकोशी नगरपालिका कार्यालयको सभाहल, सप्तरी

## निर्णयहरु

### निर्णय नं. १

ससकोशी नगरपालिकाको आ.व.२०८२।०८३ मा वडा स्तरीय योजना तथा कार्यक्रम संचालन गर्न स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन समेतलाई आधार लिई देहाय वमोजिमको वडा स्तरीय वजेट शिलिङ्ग निर्धारण गर्ने निर्णय गरियो ।

**तपसिल**

| ससकोशी नगरपालिकाको आ.व. २०८२।०८३ मा वडा तर्फको वजेट शिलिङ्ग | | |
|---|---|---|
| क्र.स. | वडा | वजेट रु. |
| १ | वडा न. १ | ४४५२००० |
| २ | वडा न. २ | २७८७००० |
| ३ | वडा न. ३ | २५०६००० |
| ४ | वडा न. ४ | २८१५००० |
| ५ | वडा न. ५ | २५५६००० |
| ६ | वडा न. ६ | २३२०००० |
| ७ | वडा न. ७ | २३८३००० |
| ८ | वडा न. ८ | २५२७००० |
| ९ | वडा न. ९ | २४२०००० |
| १० | वडा न. १० | २३५४००० |
| ११ | वडा न. ११ | २८८०००० |
| | जम्मा | ३००००००० |

### निर्णय नं. २

ससकोशी नगरपालिकावाट आ.व.२०८२।०८३ मा देहाय वमोजिमको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरण गरी वार्षिक योजना तर्जुमा गर्ने निर्णय गरियो ।

कार्यक्रम तथा आयोजनाहरु छनौटको प्राथमिकीकरणको आधारहरु



CamScanner

बैठक संख्याः ७।२०८२
बैठक मितिः २०८२।२।२७, समयः दिनको १:०० बजे
स्थानः ससकोशी नगरपालिका कार्यालयको सभाहल, सप्तरी

(१) आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने आयोजनाहरु

(२) उत्पादन मुलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने आयोजनाहरु

(३) नागरिकको जीवनस्तरमा सुधार, आम्दानी र रोजगारी सिर्जना गर्ने आयोजनाहरु

(४) लागत सहभागिता जुट्ने, स्वयम् सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने आयोजनाहरु

(५) स्थानीय श्रोत साधन र सिपको अधिकतम प्रयोग हुने आयोजनाहरु

(६) लैङ्गिक समानता र समावेशी विकासमा योगदान पुर्याउने आयोजनाहरु

(७) दिगो विकास र वातावरणीय संरक्षण र सम्वर्द्धन गर्न सघाउ पुर्याउने आयोजनाहरु

(८) भाषिक तथा साँस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुर्याउने आयोजनाहरु

(९) विकास गुरु योजना, आवधिक विकास योजना र बालमैत्री शासनको लक्ष्य प्राप्तिमा सहयोग पुर्याउने आयोजनाहरु ।

<u>निर्णय नं. ३</u>

ससकोशी नगरपालिका अन्तर्गतका वडाहरुलाई आ.व.२०८२।०८३ मा देहाय वमोजिमको कार्यक्रम तथा वजेट तर्जुमा सम्वन्धी मार्गदर्शन सम्वन्धित वडा कार्यालयहरुमा पठाउने निर्णय गरियो ।

## मार्गदर्शन

<u>निम्न वमोजिम शर्त पालना गरी सम्वन्धित वडावाट योजना तथा कार्यक्रमहरु छनौट गरी पेश गर्नु पर्नेछ</u> ।

१. आयोजना/कार्यक्रम छनौट गर्दा वडा भित्रका वस्तिहरुलाई भौगोलिक अवस्थिती, जनसंख्या, यातायातको सुविधा लगायतका आधारमा समूह निर्माण गरी सबै नगरवासीलाई योजना छनौटको वस्ती स्तरीय भेलामा सहभागी हुने व्यवस्था मिलाउनु पर्नेछ ।

२. आयोजना/कार्यक्रम छनौटका लागि वडा सदस्यको नेतृत्वमा टोली परिचालन गर्नु पर्नेछ ।

३. आयोजना/कार्यक्रम छनौट गर्दा बालबालिका, महिला, आदिवासी, जनजाती, मधेसी, दलित, अपांग, सिमान्तकृत, पिछडावर्ग लगायत सबै समुदायको अर्थपुर्ण उपस्थिती हुने व्यवस्था मिलाउनु पर्नेछ।

४. नागरिक समाजका संस्थाहरु, महिला, आमा समुहहरु, बाल क्लवहरु, स्थानीय गैर सरकारी संस्थाहरु, सहकारी संस्थाहरु, निजी क्षेत्रका संस्थाहरु जस्ता स्थानीय संघ संस्था, टोल विकास संस्था, नागरिक सचेतना केन्द्र, वडा नागरिक मंचहरुको सक्रिय सहभागिता गराउनु पर्नेछ ।

४/७

५. वडास्तरबाट मांग नभएका तर नगरस्तरमा महत्वपुर्ण देखिएका आयोजना, कार्यक्रमहरुलाई समेत औचित्य खुलाई प्राथमिकिकरणको सूचीमा राखी पठाउन सकिनेछ ।

६. सार्वजनिक पार्क, मनोरन्जन स्थल तथा बाल उद्यानको निर्माण तथा संचालनको व्यवस्था गर्नु पर्नेछ।

७. अनौपचारिक शिक्षा कार्यक्रम तथा प्रारम्भिक बाल विकास केन्द्र संचालन र व्यवस्थापन गर्नु पर्नेछ।

८. पुस्तकालय, वाचनालय, सामुदायिक सिकाई केन्द्र, बालक्लव, बालभेला तथा बालसंजालको संचालन र व्यवस्थापन गर्नु पर्नेछ ।

९. वडा तहको स्वास्थ्य केन्द्र तथा उप-स्वास्थ केन्द्रको संचालन तथा व्यवस्थापन गर्नु पर्नेछ ।

१०. बालबालिकाहरुलाई बि.सि.जि., पोलियो, भिटाभिन ए लगायत खोप कार्यक्रमको संचालन, व्यवस्थापन एवं समन्वय गर्नु पर्नेछ ।

११. पोषण कार्यक्रमको संचालन तथा समन्वय गर्नु पर्नेछ ।

१२. वडा तहमा स्वास्थ्य जनचेतना विकास तथा स्वास्थ्य सूचना कार्यक्रम संचालन गर्नु पर्नेछ ।

१३. शहरी तथा ग्रामीण स्वास्थ्य क्लिनिकको संचालन गर्नु पर्नेछ ।

१४. सार्वजनिक शौचलय, प्रतिक्षालय तथा स्नान गृहको निर्माण र ब्यवस्थापन गर्नुपर्नेछ ।

१५. वडास्तरीय सामुदायिक धाराको प्रवन्ध, कुवा, इनार तथा पोखरीको निर्माण, संरक्षण र गुणस्तर नियन्त्रण गर्नु पर्नेछ।

१६. एम्बुलेन्स तथा शव वाहन सेवा संचालन तथा व्यवस्थापन गर्नु पर्नेछ ।

१७. घरवाट निकास हुने फोहोरमैला संकलन र ब्यवस्थापन, चोक तथा गल्लीहरुको सरसफाई, ढल निकास, मरेको जनावरको ब्यवस्थापन, सतही पानीको निकास तथा पानीको श्रोत संरक्षण गर्नु पर्नेछ ।

१८. कृषि तथा फलफुल नर्सरीको स्थापना, समन्वय र प्रवर्द्धन तथा वडास्तरीय अगुवा कृषक तालिमको अभिमुखीकरण गर्नु पर्नेछ ।

१९. कृषि मलको माग संकलन गर्नु पर्नेछ ।

२०. कृषिमा लाग्ने रोगहरुको विवरण तयार गर्ने र रोग नियन्त्रण कार्यक्रम संचालन गर्नु पर्नेछ ।

२१. पशुपंक्षी विकास तथा छाडा चौपायाको व्यवस्थापन गर्नु पर्नेछ ।

२२. वडाभित्रको चरन क्षेत्र संरक्षण तथा व्यवस्थापन गर्नु पर्नेछ ।

२३. स्थानीय समुदायका चाडपर्व, भाषा, संस्कृतिको विकासको लागि कला, नाटक, जनचेतनामुलक तथा सांस्कृतिक कार्यक्रम गर्नु पर्नेछ ।

२४. स्थानीय मौलिकता झल्किने सांस्कृतिक रीतिरिवाजलाई संरक्षण तथा प्रवर्द्धन गर्नु पर्नेछ ।

२५. वडाभित्र खेलकुद पुर्वाधारको विकास गर्नु पर्नेछ ।

२६. अन्तर बिद्यालय तथा बाल क्लव मार्फत खेलकुद कार्यक्रमको संचालन गर्नु पर्नेछ ।

२७. वडा क्षेत्रभित्रको बाटो घाटो चालु अवस्थामा राख्ने तथा राख्न सहयोग गर्नु पर्नेछ ।

२८. वडा भित्रका सडक अधिकार क्षेत्रमा अवरोध र अतिक्रमण गर्न नदिने कार्यक्रम हुनु पर्नेछ।

२९. घरेलु उद्योगको लगत संकलन तथा सम्भाब्यता पहिचान गरी घरेलु उद्योग प्रवर्द्धन गर्नु पर्नेछ ।

३०. क्रमागत योजनाहरुलाई पुरा गर्ने किसिमले वजेट विनियोजन गर्नु पर्नेछ ।

३१. वडालाई बालमैत्री बनाउने कार्यक्रम हुनु पर्नेछ।

३२. वडाभित्र आर्थिक तथा सामाजिक रुपमा पछि परेका महिला, बालवालिका, दलित, अपांगता भएका ब्यक्ति, जेष्ठ नागरिक, अल्पसंख्यक, सिमान्तकृत समुदायको अभिलेख राखी सामाजिक र आर्थिक उत्थान सम्बन्धी कार्यक्रम हुनु पर्नेछ। बालविवाह, महिला विरुद्धको हिंसा, बोक्सी, छुवाछुत, दाईजो, बालश्रम, लैंगिक भेदभाव, मानव वेचविखन, निरक्षरता जस्ता सामाजिक कुरिती र अन्धविश्वासको अन्त्य गर्नु पर्नेछ ।

३३. असक्त विरामी भएको वेवारिस वा असहाय ब्यक्तिलाई नजिको अस्पताल वा स्वास्थ्य केन्द्रमा पुऱ्याई औषधी उपचार गराउनु पर्नेछ ।

३४. असहाय वा बेबारिसे ब्यक्तिको मृत्यु भएमा दाह संस्कारको ब्यवस्था मिलाउनु पर्नेछ ।

३५. वडा भित्रको सामुदायिक वन, वनजन्य सम्पदा र जैविक विविधताको संरक्षण र प्रवर्द्धन गर्नु पर्नेछ।

३६. वडा, टोल, वस्ती स्तरमा हरियाली क्षेत्र विस्तार गर्नु पर्नेछ ।

३७. वडालाई वातावरणमैत्री बनाउने तथा जलवायु परिवर्तन अनुकुलनका कार्यहरु गर्नु पर्नेछ ।

३८. प्रांगारिक कृषि, सुरक्षित मातृत्व, बिद्यार्थी भर्ना, पुर्ण खोप, खुल्ला दिशामुक्त सरसफाई, वातावरण मैत्री तथा बालमैत्री शासनजस्ता प्रवर्द्धनात्मक कार्यहरु गर्नु पर्नेछ ।

३९. वडामा तोकिएको वजेट शिलिङ्ग भित्र वसेर योजना तथा कार्यक्रम छनौट गरी पेश गर्नु पर्नेछ ।

बैठक संख्याः ७।२०८२
बैठक मितिः २०८२।२।२७, समयः दिनको १:०० बजे
स्थानः ससकोशी नगरपालिका कार्यालयको सभाहल, ससरी

**निर्णय नं. ४**

ससकोशी नगरपालिकाको आ.व.२०८२।०८३ को लागि मिति २०८२।३।१० गते, मंगलवार बिहान ११:०० बजे ससकोशी नगरपालिका, नगर कार्यपालिका कार्यालयको सभाहल, तुलसीचोक, ससरीमा नगर सभा अधिवेशन वैठकको आयोजना गर्ने गरी वार्षिक नीति, कार्यक्रम तथा वजेट तर्जुमा गरी नगर सभामा पेश गर्न देहाय वमोजिमको कार्यतालिका पारित गर्ने निर्णय गरियो ।

**नीति, कार्यक्रम तथा वजेट तर्जुमाको कार्य तालिका**

| क्र.स | कार्य विवरण | समय तालिका |
|---|---|---|
| १ | वडास्तरीय योजना तर्जुमा गरी न.पा मा पेश गर्ने | २०८२।३।२ गते भित्र |
| २ | विषयगत समिति बैठक | २०८२।३।६ गते सम्ममा |
| ३ | बजेट तथा कार्यक्रम तर्जुमा समिति वैठक | २०८२।३।७ गते सम्ममा |
| ४ | नगर कार्यपालिका बैठक | २०८२।३।८ गते सम्ममा |
| ५ | १५ औं नगर सभा अधिवेशन बैठक | २०८२।३।१० गते |